बर्ष :  २०८०

विद्येयक संख्या: २

गाउँ सभाबाट स्वीकृत मिति: २०८०/  /

# खाँडादेवी गाउँपालिकाको विनियोजन विधेयक, २०८०

खाँडादेवी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

माकादुम, रामेछाप

बागमती प्रदेश, नेपाल

# खाँडादेवी गाउँपालिकाको विनियोजन विधेयक, २०८०

खाँडादेवी गाउँपालिकाको आर्थिक बर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**सभाबाट स्वीकृत मिति :**

**प्रस्तावना :** खाँडादेवी गाउँपालिकाको आर्थिक बर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

***नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम खाँडादवी गाउँ सभाले यो ऐन बनाएको छ ।***

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम ***"खाँडादेवी गाउँपालिकाको विनियोजन ऐन, २०८०"*** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८०/८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०८०/८१ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु. ७०,६५,९३,१००/- (अक्षरेपी: सत्तरी करोड पैसठ्ठी लाख तिराननब्बे हजार एक सय रुपैँया मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/८१ को निमित्त खाँडादेवी गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) यस ऐन बमोजिम तर्जुमा हुने विभिन्न कोष सम्बन्धि कार्यविधि कार्यपालिकाले तर्जुमा गर्न सक्नेछ ।

(५) यस ऐन बमोजिम विभिन्न कार्यक्रममा विनियोजित एकमुष्ट रकमको विस्तृत कार्यक्रम बनाई पछि सभाबाट अनुमोदन हुने गरी कार्यन्वयन गर्ने अधिकार कार्यपालिकालाई दिइएको छ ।

## अनुसूची-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

### आ.व. ०८०/८१ को अनुमानित आय/व्यय विवरण

| आयतर्फ | बजेट रकम | व्ययतर्फ | बजेट रकम |
|---|---|---|---|
| **१. संघबाट प्राप्त** | **५२४८८१** | क.प्रशासनिक तथा कार्यालय संचालन खर्च र समष्टिगत योजना तथा कार्यक्रम | ३३४२०९ |
| क. वित्तिय समानिकरण | १३१६०० | ख. गत आ.वको भुक्तानी हुन बाँकी | १४२०० |
| ख.राजश्व बाँडफाँट | ९३६८१ | ख. सशर्त कार्यक्रम (संघ) | २८५६०० |
| ग.सशर्त अनुदान | २८५६०० | ग. सशर्त कार्यक्रम (प्रदेश) | १९२३४ |
| घ. विशेष अनुदान | ८००० | घ.समपूरक अनुदान -संघ (पालिका तर्फको बाहेक) | ६००० |
| ङ.समपूरक अनुदान | ६००० | ङ.समपूरक अनुदान-प्रदेश (पालिका तर्फको बाहेक) | २२५०० |
| **२.प्रदेशबाट प्राप्त** | **९७१०९** | च.विशेष अनुदान (संघ) | ८००० |
| क.वित्तिय समानीकरण | १४१९७ | छ.विशेष अनुदान (प्रदेश) | ९९०० |
| ख.राजश्व बाँडफाँट | ३१२७८ | ज.गरिबसँग विश्वेश्वर कार्यक्रम | १००० |
| ग.सशर्त अनुदान | १९२३४ | झ. सडक बोर्ड | ५०० |
| घ.विशेष अनुदान | ९९०० | ञ.प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ४५० |
| ङ.समपूरक अनुदान | २२५०० | ट.स्थानीय/प्रदेश/संघ/गैर सरकारी संस्था लगायतसँग लागत साझेदारी तर्फ | ५००० |
| **३.आन्तरिक आय तर्फ** | **५८४५३** | | |
| क.दहत्तर बहत्तर शुल्क | ३५००० | | |
| ख.स्थानीय राजश्व | २३४५३ | | |
| **४. गत आ.व.को अल्या** | ५००० | | |
| **5. गत बर्ष भुक्तानी** | १४२०० | | |
| **६.विषयगत तर्फ** | **१९५०** | | |
| क.गरिबसँग विश्वेश्वर कार्यक्रम | १००० | | |
| ग. सडक बोर्ड | ५०० | | |
| घ.प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ४५० | | |
| **७.अन्य** | **५०००** | | |
| क.स्थानीय/प्रदेश/संघ/गैर सरकारी संस्था लगायतसँग लागत साझेदारी तर्फ | ५००० | | |
| **जम्मा** | **७०६५९३** | **जम्मा** | **७०६५९३** |